ༀ། །སྣར་པ་གླིང་གཞུང་སྤྱི་ཀ།།
नार्पा भूमि गाउँपालिका
Narpa Bhumi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
च्याँखु, मनाङ, नेपाल
Chyakhu, Manang, Nepal
२०७३ (२०१६)
गण्डकी प्रदेश
Gandaki Province

प.सं. (Ref. No.) : ०८१।८०
च.नं. (Dis. No.) : ३२६

मिति (Date) : २०८०।१।१६

श्री वडा कार्यालय सबै,
नार्पा भूमि गाउँपालिका, मनाङ ।

**विषय : सूचना टाँस गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री जिल्ला प्रशासन कार्यालय, मनाङको मिति २०८०/०१/१५ को च.नं. ४४३ को प्राप्त पत्रानुसार अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगको विज्ञप्ती समेत पठाई मिटर ब्याज पीडितहरुले आफुसँग रहेका सबुत प्रमाण सहितको व्यहोरा खुलाई अनलाईन माध्यमबाट सिधै आयोगमा वा जिल्ला प्रशासन कार्यालयमा यही बैशाख १७ गते देखि ३१ गतेसम्म अनलाईन फाराम नि:शुल्क भरिदिने व्यवस्था भएकाले तहाँ वडाहरुमा सूचना टाँस गरी मिटर ब्याज पीडितहरु भए वा सम्पर्कमा आए श्री जिल्ला प्रशासन कार्यालय, मनाङमा पठाईदिनुहुन यसै पत्रद्वारा अनुरोध गरिन्छ । साथै अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ को २०८०/०१/१४ को प्रेश विज्ञप्ती समेत यसै पत्रकासाथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गरिन्छ ।

२०८०।१।१६
..............................
महेश पाखिन
नि.प्रमुख प्रशासकीय अधिकृत

महेश पाखिन
नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

प.सं.: ०७९/८०
च.नं. ४४३

मितिः- २०८०।०१।१५

श्री स्थानिय तह सबै,
मनाङ।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा अनुचित लेनदन (मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ को मिति २०८०।०१।१४ को यसै पत्रसाथ संलग्न प्रेस विज्ञसी सम्बन्धित गाँउपालिकाको कार्यालय तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी गराउनुहुन अनुरोध छ। साथै, मिटर व्याज पीडितहरुले आफूसँग रहेका सबुत प्रमाण सहितको व्यहोरा खुलाई अनलाइन माध्यमबाट सिधै जाँचबुझ आयोगमा वा जिल्ला प्रशासन कार्यालयमा यही बैशाख १७ गते देखि ३१ गतेसम्म अनलाइन फाराम निःशुल्क भरिदिने व्यवस्था भएकाले तहाँ स्थानिय तहहरुमा मिटर व्याज पीडितहरु भए वा सम्पर्कमा आए यस कार्यालयमा पठाई सहयोग गरिदिनुहुन अनुरोध छ।

२०८०।०१।१५

(शिशिर घिमिरे)
सहायक प्रमुख जिल्ला अधिकारी

शिशिर घिमिरे
स. प्र. जि. अ.

**बोधार्थ**

अनुचित लेनदन (मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९
सम्पर्क कार्यालय, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री प्रशासन शाखा
सबै वडा कार्यालय, गाउँपालिका
सूचना टाँस गर्ने गरी
आ. का. गर्न।
२०८०।०१।१५

मितिः २०८०।१।१५
दर्ता नं.: २०२

प्रचार प्रसारको लागि

# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९

सम्पर्क कार्यालय गृह मन्त्रालय परिशर
सिंहदरबार काठमाडौं ।
मिति २०८०।१।१४

## प्रेस विज्ञप्ती १

नेपाल सरकारको मिति २०७९ चैत २० को निर्णयानुसार तीन सदस्यीय जाँचबुझ आयोग गठन भइ प्रारम्भिक काम भइ रहेको छ । यही बैशाख १७ गते देखि धनुषाको जनकपुरमा कार्यालय स्थापना भइ कार्य सन्चालन हुँदैछ ।

यस आयोगबाट अनुचित लेनदेन (मिटर ब्याज) बाट पीडितहरुको निवेदन आव्हान गरिएको छ । पीडितहरुले आफ्नो भएसम्मका सवुद प्रमाण सहित भएको व्यहोरा खुलाइ अनलाइनबाट सीधै यस आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन अनुरोध छ । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको छ । सोही कक्षमा निवेदन फाराम निशुल्क उपलब्ध हुनेछ । निवेदन फाराम जिल्ला प्रशासन कार्यालयकै कर्मचारीले भराइ दिने प्रवन्ध गरिएको छ ।

निवेदन यही बैशाख १७ गते देखि ३१ गते १५ पन्ध्र दिन भित्र दिनु हुन सवै पीडितहरुमा अनुरोध छ ।

निवेदकबाट भराउने फारामको अनलाइनको लिंक यस प्रकार छ
https://forms.gle/6ibZahBP6vZnnWRt8

गौरीबहादुर कार्की
अध्यक्ष